नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# गभर्नर डा. नेपाल सिसन गभर्नर्स सम्मेलन तथा बैठकमा भाग लिई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल फिलिपिन्सको राजधानी मनिलामा २०७२ मंसिर ९ देखि ११ गते (November 25-27, 2015) सम्म आयोजित दक्षिणपूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन SEACEN को ५१ औं गभर्नर्स सम्मेलन तथा ३५ औं बोर्ड अफ गभर्नर्स बैठकमा भाग लिई मंसिर १३ गते स्वदेश फर्कनुभयो ।




गभर्नर्स सम्मेलन अन्तर्गत Banco de Mexico का गभर्नर Agustin Carstens ले प्रमुख वक्ताको रुपमा आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएको Enhancing Economic Resilience Amid a Changing Global Environment विषयक सत्रमा गभर्नर डा. नेपालले प्यानलिष्टको रुपमा मन्तव्य प्रस्तुत गर्दै विकसित मुलुकहरुको अर्थव्यवस्थामा आएको परिवर्तनले समग्र विश्व अर्थतन्त्रमा पारेको प्रभाव तथा त्यसले नेपाल जस्ता साना मुलुकहरुलाई प्रत्यक्ष एवं परोक्ष रुपमा पार्ने असरका बारेमा चर्चा गर्नु भएको थियो । साथै उहांले नेपालको पछिल्लो आर्थिक अवस्थाका बारेमा प्रकाश पार्दै वैशाख महिनामा गएको भूकम्पबाट ध्वस्त हुन गएको संरचनाहरुको निर्माण कार्यलाई अघि बढाउनु पर्ने समयमा भारततर्फको आयात निर्यात अवरुद्ध हुन गएको र त्यसबाट इन्धन लगायतका अत्यावश्यकीय वस्तुहरुको आपूर्ति सहज हुन नसक्दा समग्र आर्थिक क्रियाकलापमा नकरात्मक प्रभाव पारिरहेको बताउनु भएको थियो । सो क्रममा उहांले भूकम्प एवं वर्तमान असहज अवस्था पश्चात् नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्र सुधार तथा स्थायित्वका लागि लिएका नीतिगत व्यवस्थाहरुका बारेमा समेत चर्चा गर्नुभएको थियो ।

सम्मेलनमा Asian Development Bank का अध्यक्ष Takehiko Nakao ले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय आवद्धता, आपसी अन्तर्निर्भरता तथा यसका चुनौतीका बारेमा प्रकाश पार्नुभएको थियो भने अन्तर्राष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर Mitsuhiro Furusawa ले विश्व अर्थतन्त्रको वित्तीय अवस्था तथा आगामी चुनौतीका बारेमा आफ्नो धारणा राख्नु भएको थियो ।

उक्त सम्मेलन अन्तर्गत संचालित सेमिनारमा Managing Global Financial Cycles and Liquidity Risk विषयमा अर्थशास्त्रमा नोवेल पुरस्कार विजेता MIT Sloan School of Management का Professor Robert C. Merton ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सेमिनारको दोस्रो सत्रमा Reshaping the International Monetary System in Response to Global/Regional Issues विषयमा Bank Negara Malaysia का Governor Zeti Akhtar Aziz ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

यसैगरी सिसन बोर्ड अफ गभर्नर्सको बैठकले आगामी वर्ष सन् २०१६ मा सिसन केन्द्रले आयोजना गर्ने तालीम तथा अनुसन्धान कार्यक्रमहरु पारित गर्नुका साथै आगामी ५२ औं गभर्नर्स सम्मेलन तथा ३६ औं बोर्ड अफ गभर्नर्स बैठक Central Bank of Myanmar ले आयोजना गर्न राखेको प्रस्तावलाई स्वीकृत गरेको छ ।

२०७२/८/१३

गभर्नरको कार्यालय